गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं. (F/Y) : २०७९/८०
च.नं. (Ref No) :

## ध्यानाकर्षण

मिति : २०७९/०८/२६

पूर्वानुमानमा आधारित आर्थिक तथा जिन्सी सहायता सामाग्री वितरण गर्न रेडक्रस जिल्ला शाखा बर्दियाको समन्वय र विश्व खाद्य कार्यक्रमको आर्थिक सहयोगमा नगद र जिन्सी सामाग्री गेरुवा गाउँपालिकाको २८५९ घरधुरीलाई मिति २०७९/०६/१९ गते गएको बाढीको कारण नगद तथा जिन्सी सामाग्री वितरण गर्ने क्रममा गेरुवा गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा पटक-पटक तालाबन्दी लगायतका क्रियाकलापहरु भईरहेको अवस्था छ । यसै क्रममा मिति २०७९/०८/२५ गते गेरुवा गाउँकार्यपालिकाको कार्यालय पशुपतिनगरमा कार्यालय भित्र, राहत नपाएको नाममा गैर जिम्मेवार तवरले व्यक्तिहरु प्रवेश गरी हुलहुज्जत तथा जनप्रतिनिधिहरु र कर्मचारीलाई तथानाम गाली गलौज र कार्यालयको झ्यालको सिसा समेत तोडफोड गरी, काम गरिरहेका कर्मचारी र केही सेवाग्राहीहरु समेत लाई कार्यालय भित्रै थुनेर तालावन्दी गरेको देखिन्छ ।

अत केही व्यक्तिहरुको निहित स्वार्थका कारण गाउँपालिका अन्तर्गतका कार्यालयहरु बाट प्रवाह हुने सम्पूर्ण प्रशासनिक तथा अन्य अत्यावश्यक सेवाहरु प्रभावित भइरहेको यस अवस्थामा गेरुवा गाउँपालिकाका आम जनता लाई संयमित, सदभाव र सहकार्यको वातावरण तयार गर्न अनुरोध गर्दै अव उप्रान्त यस किसिमका गैरजिम्मेवार पूर्ण क्रियाकलाप गर्नेहरुलाई पुन: नदोहोराई गाउँपालिकाको सेवा प्रवाहलाई सहज वातावरणमा सूचारु गर्नुका साथै संयमित हुन अनुरोध गर्दै मिति २०७९/०८/२५ मा भएको तालाबन्दीको क्रममा सिसा तोडफोडको क्रियाकलाप प्रति गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

बस बहादुर राना
प्रमुख प्रशासकिय अधिकृत

email: geruwarmun@gmail.com | info@geruwamun.gov.np |website: www.geruwamun.gov.np
सम्पर्क नं. अध्यक्ष: ९८५८०३८१११, प्रमुख प्रशासकीय अधिकृत: ९८५८०९०४४१, सूचना अधिकारी: ९८५८०३८११०
Contact No. Chairman: 9858038111, Chief Administrative Officer: 9858090441, Information Officer: 9858038110
समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार कृषि, पर्यटन र पूर्वाधार ।
Google Plus Code : F5GQ+5J Rajapur
स्थायी लेखा नं. २०१३६२०३१ | PAN: 201362031